कपिलवस्तु जिल्ला अदालत
गौरिहवा

# कपिलवस्तु जिल्ला अदालतबाट जारी भएको

# सूचना

नोबल कोरना भाइरस (कोभिड-१९) को नयाँ भेरियन्ट विश्वव्यापी रुपमा फैलिरहेको र नेपालमा पनि त्यसको संक्रमण तिव्र रुपमा फैलिरहेको सन्दर्भमा त्यसको रोकथाम तथा नियन्त्रणको लागि नेपाल सरकारले मिति २०७८।०१।०६ मा जनस्वास्थ्य सम्वन्धी मापदण्ड सहितको आदेश जारी भएको सर्बोच्च अदालतको मिति २०७८।०१।१४ गतेको प्रेस विज्ञाप्ती अनुसार स्थानीय परिस्थिति एवं जोखिमको अबस्थाको मूल्याङ्कनको आधारमा उपयुक्त देखिएको कामकारवाही र सेवा प्रवाहको व्यवस्था सम्वन्धित अदालतले मिलाउने भनी उल्लेख भएको र संक्रमणको रोकथाम र नियन्त्रणको लागि जिल्ला प्रशासन कार्यालय कपिलवस्तुबाट अटो रिक्सा संचालन गर्न पाउने र निजि सवारी साधन अनुमती लिई संचालन गर्न पाउने गरी मिति २०७८।२।३० गते केही खुकुलो गराई मिति २०७८।३।७ गतेसम्म थप निषेधाज्ञा जारी भएको हुँदा यस अदालतको काम कारवाही र सेवा प्रवाहमा समेत आवश्यक परिमार्जन गर्नुपर्ने देखिएकोले यस अदालतबाट मिति २०७८।१।१९ गतेको सूचना अनुसार जारी गरिएका काम कारवाही तथा निम्न बमोजिमका थप सेवा प्रवाह सुचारु गर्ने निर्णय गरियोः-

१.प्रतिवादी चुक्ता भैसकेको र अङ्ग पुगिसकेका थुनुवा मुद्दाहरु र नाबालक प्रतिवादी भई बालसुधार गृहमा रहेका बालबालिकासँग सम्वन्धित मुद्दाहरु आगामी हत्तादेखि दैनिक रुपमा प्रत्येक इजलासमा ३ थान मुद्दाहरुसम्म मात्र पेशीमा चढाउने ।

२.फिरादपत्र दर्ता भैसकेका मुद्दाहरुमा दुवै पक्षहरु मिलापत्र गर्नको लागि निवेदन सहित आएमा मिलापत्रको लागि पेश गर्ने ।

३.तहसिलसँग सम्वन्धित कारागारबाट आएका निवेदनहरु र मुलुकी फौजदारी कार्यविधि संहिता, २०७५ को दफा ७३ बमोजिम परेका निवेदनहरु दर्ता गरी सुनुवाई गर्ने ।

७८।२।२९

तहसिलदार